वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २४२ | २०८२ माघ ०६ गते मंगलबार, नेपाल सम्वत् ११४६ January 20, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-







## व्याडमिन्टन प्रतियोगिता

व्यास नगर व्याडमिन्टन क्लवले सोमबारदेखि दमौलीमा सञ्चालन गरेको सातौ व्यास नगर मेयर कप व्याडमिन्टन प्रतियोगित–२०८२ मा प्रतिस्पर्धा गर्दै खेलाडीहरू ।

*तस्विर : भञ्ज्याङ*

# प्रतिनिधिसभा सदस्य निर्वाचन : मनोनयनपत्र दर्ताको तयारी पूरा

### मनोनयनपत्र दर्ताकै समयमा उम्मेदवारले खामबन्दी गरी आफ्नो सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आज हुने मनोनयनपत्र दर्ता गर्न तयारी पूरा भएको छ । तनहुँका दुई वटै निर्वाचन क्षेत्रमा मनोनयनपत्र दर्ताको आवश्यक तयारी पुरा गरिएको छ ।

तनहुँमा गत आइतबार बसेको सर्वदलीय/सर्वपक्षी बैठकमा भएको सहमितको आधारमा आज मनोनयन दर्ता गर्दा मंगोल नेशनल अर्गनाइजेसनलाई दिउँसो १२:३० बजे, उज्यालो पार्टी नेपाललाई १ बजे, नेपाल जनमुक्ति पार्टीलाई १:१५ बजे, राष्ट्रिय प्रजातन्त्र पार्टीलाई १:३० बजे, नेपाली कम्युनिष्ट पार्टीलाई १:४५ बजे, नेकपा (एमाले)लाई २:३० बजे, राष्ट्रिय स्वतन्त्र पार्टीलाई ३:१५ बजे, नेपाली कांग्रेसलाई ४ बजे, नेकपा (माओवादी)लाई ४:३० बजर अन्य राजनीतिक दल र स्वतन्त्र उम्मेदवारलाई समय नजुध्ने गरी मनोनयनपत्र दर्ता गर्न आउन समय तोकिएको छ ।

यस्तै, देशभरका ८८ मुख्य निर्वाचन अधिकृतका कार्यालय र ८८ निर्वाचन अधिकृतका कार्यालयमा सबै तयारी पूरा भएको निर्वाचन आयोगले जनाएको छ । मुलुकभरका १६५ वटै निर्वाचन अधिकृतका कार्यालयमा उम्मेदवारको नाम मतदाता नामावलीमा छ, छैन भनी रूजु गर्न आवश्यक सामग्री पुगिसकेको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले रासससलाई जानकारी दिए ।

उनले यसपटक आयोगले आचारसंहितामै उल्लेख गरेर उम्मेदवारले सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था गरेको र उक्त विवरण खामबन्दी गरी बुझाउनुपर्ने बताए। "आचारसंहिता पालना गर्छु, कानुनले अयोग्य ठहराएमा उम्मेदवारी रद्द हुँदा पनि मञ्जुर छ, निर्वाचन कानुनसम्बन्धी सबै व्यवस्थाको पालना गर्छु, जस्ता विषय उम्मेदवारले स्वघोषणामा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने छ", सहायक प्रवक्ता जिसीले बताए।




**उम्मेदवारीसँगै १३ प्रकारका कागजात पेस गर्नुपर्ने**

उम्मेदवारले मनोनयनपत्र दर्ता गर्दा १३ प्रकारका कागजात संलग्न गर्नुपर्ने व्यवस्था थरिएको छ। पहिलो हुने निर्वाचित हुने निर्वाचनका लागि यही मङ्गलबार हुने मनोनयनपत्र दर्ता गर्दा उम्मेदवारको नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रतिलिपि, कुनै स्थानीय तहको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा आवश्यक पर्ने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए ।

उम्मेदवारी दिँदा संघीय, प्रदेश वा स्थानीय सरकार तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व अथवा नियन्त्रणमा रहेको वा तीनै तहका सरकारबाट अनुदान प्राप्त संस्थाबाट पारिश्रमिक पाउने गरी बहाल रहेको भए त्यस्तो पदबाट राजीनामा दिएको निस्सा पनि उम्मेदवारले पेस गर्नुपर्ने उनले बताए ।

उम्मेदवारले प्रतिनिधि तोकी मनोनयनपत्र दर्ता गर्ने भएमा प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा २४ सँग सम्बन्धित अनुसूची ११ बमोजिमको प्रतिनिधि मुकरर गरेको फारम भर्नुपर्नेछ ।

यसैगरी प्रचलित कानुनबमोजिम योग्यता पुगेको व्यक्तिले मनोनयनपत्र दर्ता गर्दा वा गराउँदा प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ८ बमोजिम सोही निर्वाचन क्षेत्रको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका एक जना प्रस्तावक र एक जना समर्थक भई विवरण भरी सहीछाप गरेको मनोनयनपत्र पनि पेस गर्नुपर्ने आयोगले जनाएको छ ।

दलको तर्फबाट उम्मेदवारी दिएको भए मनोनयनको औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको पदाधिकारीले प्रदान गरेको प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को अनुसूची ७ बमोजिमको उम्मेदवार मनोनयनको औपचारिक पत्र आवश्यक पर्नेछ । एकल चुनाव चिह्न लिई संयुक्त रूपमा निर्वाचनमा सहभागी दलहरूको हकमा प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को अनुसूची ८ बमोजिमको उम्मेदवार मनोनयनको औपचारिक पत्र पनि समावेश गर्नुपर्ने आयोगले जनाएको छ ।

निर्वाचन अधिकृतको

बाँकी तेश्रो पेजमा

# तउवा संघको नवनिर्वाचित कार्यसमितिको पदस्थापन

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँ उद्योग वाणिज्य संघको नवनिर्वाचित कार्यसमितिको पदस्थापन तथा शपथग्रहण गरिएको छ । संघका निवर्तमान अध्यक्ष वैकुण्ठनाथ मिश्रले नवनिर्वाचित अध्यक्ष इमकुमार मल्ललाई पद तथा गोपनीयताको शपथ गराएका थिए ।

जिल्लास्थित उद्योगी, व्यवसायी, विभिन्न संघ-संस्थाका प्रतिनिधि तथा अतिथिहरूको उपस्थितिमा आयोजित पदस्थापन एवं शपथग्रहण कार्यक्रममा शपथग्रहणपछि अध्यक्ष मल्लले उद्योग, व्यापार र व्यवसायिक हकहित संरक्षण गर्दै संघलाई थप सशक्त र प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरे ।

नवनिर्वाचित अध्यक्ष मल्लले त्यसपश्चात संघका पदाधिकारी तथा कार्यसमिति सदस्यहरूलाई पद तथा गोपनीयताको शपथ गराएका थिए । उनले आगामी कार्यकालमा उद्योग-व्यवसायमैत्री वातावरण सिर्जना, लगानी प्रवर्द्धन, निजी क्षेत्रको समस्या समाधान तथा संघको संस्थागत क्षमता अभिवृद्धिमा विशेष ध्यान दिइने बताए ।

कार्यक्रममा वक्ताहरूले नवनिर्वाचित कार्यसमितिलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दै जिल्लाको आर्थिक विकासमा उद्योग वाणिज्य संघको भूमिका अझ प्रभावकारी हुने विश्वास व्यक्त गरेका थिए ।



कार्यक्रममा गण्डकी प्रदेश सभा सदस्य अशोककुमार श्रेष्ठ, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने, तनहुँ उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष देवकुमार श्रेष्ठ, प्रदेश अस्पताल दमौलीका अध्यक्ष कमलामोहन वाग्ले लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

यस्तै, संघको महासचिव पदमा सुरेश पुरी मनोनित गरिएको छ । संघको सोमबार बसेको कार्यसमितिको पहिलो बैठकले पुरीलाई महासचिवमा मनोनित गर्ने निर्णय गरेको हो ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# चुनावी नारा होइन, नेतृत्वको इमानको परीक्षा

मुलुकमा पछिलो समय सृजत विषयम परिस्थितिका कारण वि.सं. २०८४ मा हुनुपर्ने प्रतिनिधिसभा सदस्यको निर्वाचन दुई वर्ष अगावै आगामि फागुन २१ गतेका लागि तय गरिएको छ । अन्तरिम सरकारले पाएको चुनाव गराउनुपर्ने म्याण्डेट अनुसार आज आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मनोनयनपत्र दर्ता गर्ने मिति तोकिएको छ । निर्वाचन आयोग यसका लागि पूर्णरूपमा तयारी अवस्था रहेको छ भने दलहरूले मुलुकमा कायम गरिएका १६५ निर्वाचन क्षेत्रमा आ–आफ्ना उम्मेदवारहरू छनोटको प्रक्रियालाई अन्तिम रूप दिंदै छन् । निर्वाचनको संघारमा आइपुग्दा अबको चुनावी नारा र उम्मेदवारले ल्याउने एजेण्डाका विषयमा पनि चर्चा चल्न थालेका छन् । जेन्जी पुस्ताले अगाडि ल्याएको माग र यो पुस्ताको चाहना अनुसारका विषयवस्तु अब दलले कसरी अगाडि ल्याउँछन भन्ने विषय सबैको चासोको रूपमा रहेको छ । सीप, श्रम र इच्छाशक्ति हुँदाहुँदै पनि स्वदेशमा भविष्य नदेखेर देश छाड्न बाध्य युवाको एउटा पाटो छ। अवसरको खोजीमा मानिस एक ठाउँबाट अर्को ठाउँ जानु स्वाभाविक हो । संसारभर श्रम बसाइँसराइ सामान्य अभ्यास हो । तर, जब अवसरको खोजीले घर रित्तिन्छ, गाउँ सुनसान बन्छ र शहरसमेत युवाविहीन हुँदै जान्छ, तब त्यो सामान्य प्रक्रिया रहँदैन– त्यो राष्ट्रिय संकट बन्छ । आज नेपाल यही संकटको भुमरीमा फसिरहेको अवस्थामा निकासको बाटो पहिल्याउनु अहिलेको आवश्यकता हो ।

राष्ट्रिय जनगणना २०७८ ले देखाएको तथ्य चिसो छ । देशको ४२.५६ प्रतिशत जनसंख्या युवा छन् । एक करोड २४ लाखभन्दा बढी उर्जाशील शक्ति । यति ठूलो युवा जनसंख्या कुनै पनि देशका लागि अवसर हो । तर, यही देशमा झन्डै २० प्रतिशत युवा पूर्ण बेरोजगार छन्, ३६ प्रतिशत अर्धबेरोजगार छन् । काम गर्ने उमेरका नागरिक काम नपाएर बस्नु, पाएको कामले जीवन नधानेर विदेशिनु– यो भन्दा ठूलो विडम्बना के हुन सक्छ ? यही पृष्ठभूमिमा प्रतिनिधिसभा सदस्य निर्वाचन हुँदैछ । उम्मेदवारहरु 'रोजगारी सिर्जना', 'युवा लक्षित कार्यक्रम', 'समृद्ध नेपाल' जस्ता शब्द कण्ठस्थ जपिरहेकै छन् । तर, प्रश्न सरल छ– के उनीहरूको घोषणापत्रमा रोजागरीको खोजीमा भौतारिएका युवा अटाउँछन् ? युवाको बाध्यता बुझ्ने नीति छ ? कि युवाको पीडा पनि चुनावी भाषणमा प्रयोग हुने कागजी नारा मात्र हो ? आज वैदेशिक रोजगारीमा गएका युवालाई हेर्दा तीन चित्र देखिन्छन्। पहिलो, सम्पन्न वर्गका युवा– उच्च शिक्षाका नाममा विदेश जाने, तर लक्ष्य स्थायी बसोबास बनाउने । उनीहरु पुर्ख्यौली सम्पत्ति र पहुँच बोकेर गएका छन् । यस्तो पलायन रोक्न राज्यले होइन, राज्य हाँक्ने नेता र प्रशासकको नैतिकताले जवाफ दिनुपर्छ । दोस्रो, मध्यम वर्गका युवा– पढ्दै कमाउँदै गर्ने सपना बोकेर विदेश जाने। स्वदेशमै पढ्दै काम गर्ने वातावरण भए उनीहरु आज यता नै हुन्थे । तेस्रो, सबैभन्दा ठूलो समूह– रोजगारी नपाएर वा पाएको रोजगारीले परिवार धान्न नसकेपछि बाध्य भएर विदेश जाने युवा ।

यी तीनै वर्गलाई सम्बोधन गर्ने नीति बिना युवा पलायन रोकिँदैन । तर, चुनावी बहसमा यो यथार्थ गहिराइमा छिर्दैन । युवालाई विदेश जान नदिनु भनेको पासपोर्ट रोकेर होइन, स्वदेशमै भविष्य देख्ने वातावरण बनाएर हो । त्यो वातावरण कसले बनाउने ? यही प्रश्नको उत्तर अबको प्रतिनिधिसभा निर्वाचनले दिनुपर्छ । देशमा पढ्दै कमाउँदै गर्ने व्यवस्था छैन । सीप सिकेर काम गर्ने उद्योग छैन । उद्यम गर्न खोज्ने युवालाई सहुलियत ऋण कागजमै सीमित छ । कृषि, पर्यटन र सूचना प्रविधि सम्भावनाका शब्द बनेका छन्, रोजगारीका ढोका बनेका छैनन् । यही कारण युवा विदेश जाने भिसा लागेको दिनलाई 'भाग्य खुलेको दिन' ठान्न थालेका छन् । यो सोच युवाको कमजोरी होइन, राज्यको असफलता हो। शिक्षा अझै श्रमसँग जोडिन सकेको छैन । डिग्री लिएर बेरोजगार बस्नु युवाको नियति बनेको छ । विश्वविद्यालय उत्पादन गरिरहेको जनशक्ति बजारको मागसँग मेल खाँदैन । श्रम गर्ने संस्कार होइन, जागिर खोज्ने संस्कार मात्रै विकास गरिएको छ । यस्तो प्रणालीले युवा पलायन रोक्छ कि बढाउँछ ?

आगामी निर्वाचनका उम्मेदवारहरूले अब स्पष्ट भन्नुपर्छ– उनीहरु युवालाई स्वदेशमै कसरी रोक्छन् ? कुन उद्योग खोलिन्छ ? कति रोजगारी सिर्जना हुन्छ? सीपमूलक तालिम कसरी प्रभावकारी बनाइन्छ ? सहुलियत ऋण कसरी वास्तविक युवासम्म पुग्छ ? श्रमिक र रोजगारदाताबीच न्यूनतम पारिश्रमिक सुनिश्चित गर्ने संयन्त्र के हो ? यी प्रश्नको उत्तर बिना 'युवा लक्षित कार्यक्रम' भन्ने शब्द खोक्रो हुन्छ । युवा देशका मेरूदण्ड हुन् भन्ने वाक्य धेरै दोहोरियो । अब मेरूदण्डलाई बोझ होइन, शक्ति बनाउने नीति चाहिन्छ । युवाको सीप, सोच र उर्जालाई विकास, राजनीति र निर्णय प्रक्रियामा जोड्न नसक्ने नेतृत्वले समृद्धिको सपना देखाउनु आत्मछल मात्र हो । यो निर्वाचन युवाको भविष्य तय गर्ने मोड हो । यदि नेतृत्व फेरिए पनि सोच फेरिएन भने युवाहरूको यी कथाहरु दोहोरिरहनेछन् । तब न गाउँ बाँकी रहनेछ, न शहरमा उर्जा । त्यसैले यो चुनाव नारा र भाषणको होइन– नेतृत्वको इमान, दृष्टि र जिम्मेवारीको परीक्षा हो ।

# अपार सम्भावना बोकेको संग्राहलय सुधारको प्रखाइमा

♦ ओमप्रकाश घिमिरे

सन् २०२५ को नोभेम्बर १ तारिखमा इजिप्टले करिब साढे एक अर्ब डलर लगानी गरेर निर्माण गरेको ग्रान्ड इजिप्सियन म्युजियम विश्वका ७९ देशका प्रमुख तथा प्रतिनिधिको उपस्थितिमा उद्घाटन गर्‍यो। देशभरि सार्वजनिक बिदा दिएर उद्घाटन गरिएको सो कार्यक्रमका अतिथिहरूले इजिप्टको सभ्यता र संस्कृति विश्वकै लागि एक महत्वपूर्ण वैभव भएकाले मानव सभ्यताका ती प्रमाणहरु हेर्न विश्वका हरेक मानिसहरु यो सङ्ग्रहालय आउनुपर्छ भन्ने सन्देश दिएका थिए भने विश्वभरिकै 'मिडिया'मा यो विषयको भव्य चर्चा पनि भयो ।

संग्रहालयकै अर्को प्रसङ्ग जोडौँ । करिब एक अर्ब ४२ करोड जनसंख्या रहेको छिमेकी मुलुक चीनमा त्यहाँको सरकारले ९० प्रतिशत संग्रहालयमा निःशुल्क प्रवेश गर्ने व्यवस्था गरेको छ, जहाँ सन् २०२४ मा करिब एक अर्ब ५० करोड मानिसले संग्रहालय भ्रमण गरेका थिए। सन् २०१६ गरिएको एक अध्ययनअनुसार संयुक्त राज्य अमेरिकामा संग्रहालयले सात लाख २६ हजारभन्दा बढी मानिसलाई रोजगारी दिएको छभने वार्षिक ५० अर्ब डलरभन्दा बढी राष्ट्रिय अर्थतन्त्रमा योगदान गरेको छ ।



यी केही उदाहरणहरु हुन् जसले संग्रहालयलाई पुराना वस्तुको भण्डारण गृहको सीमित दायराको परम्परागत बुझाइलाई राष्ट्रिय पहिचान, गरिमा, पर्यटक आकर्षण र अर्थतन्त्रको उत्प्रेरकसमेत हो भन्ने फराकिलो दायरामा बुझ्ने तथ्यगत आधारहरु दिन्छ। संग्रहालयको यही सम्भावना देखेर विश्वका धेरै मुलुकले अहिले संग्रहालय निर्माणमा ठूलो लगानी गरेका छन् । उदाहरणका लागि, गत नोभेम्बरमा उद्घाटन गरिएको इजिप्टको संग्रहालयको लगानी करिब डेढ अर्ब डलर अर्थात् दुई खर्ब नेपाली रूपैयाँभन्दा बढी हुन्छ । संग्रहालय इतिहास, ज्ञान, स्मृति, पहिचान र संवादका केन्द्र हो, जसले समाजलाई आफ्ना विगतसँग जोड्दै वर्तमान र भविष्यका लागि मार्गदर्शन समेत गर्दछ। शिक्षा, अनुसन्धान, संरक्षण र जनसञ्चारका माध्यमबाट संग्रहालयले सामाजिक रूपान्तरणको भूमिका बढाइरहेको छ। विश्वमा अहिले संग्रहालय हरेक देशको सफ्ट पावर (नरम शक्ति) का रूपमा पनि मानेको छ र ठूलो लगानी भइरहेको छ ।

**नेपालमा संग्रहालयको अवस्था**

विश्वमा आधुनिक संग्रहालयको सुरूआत आजभन्दा झन्डै साढे तीन सय वर्षअघि सन् १६८२ मा बेलायतमा स्थापना भएको अस्मोलिन म्युजियमबाट भएको मानिन्छ। नेपालमा भने विश्वमा आधुनिक संग्रहालय स्थापना भएको साढे दुई सय वर्षपछि अर्थात् १९९५ सालमा स्थापना भएको नेपाल म्युजियम पहिलो संग्रहालय हो । २०२४ सालमा उक्त संग्रहालय राष्ट्रिय संग्रहालयमा रूपान्तरित भयो। अहिले यो परिसरभित्र राष्ट्रिय संग्रहालय र राष्ट्रिय मुद्रा संग्रहालय सञ्चालनमा छन् ।

युनेस्कोको तथ्याङ्कअनुसार विश्वभर एक लाख चार हजारभन्दा बढी संग्रहालय सञ्चालनमा छन् । नेपालमा भने करिब एक हजार संग्रहालय दर्ता भएको अनुमान गरिएको छ । तर ती सबै संग्रहालय सञ्चालनमा आएका छैनन् । सङ्ख्यात्मक बृद्धिसँगै विश्वभर संग्रहालयको आर्थिक, सामाजिक, सांस्कृतिक र अन्य प्रभावहरु समेत फैलिदै गएको छ । नेपालमा भने अझै पनि संग्रहालयप्रतिको बुझाइ र अभ्यास परम्परागत शैलीकै देखिन्छ ।

विसं २००७ सालमा प्रजातन्त्र आएपछि सम्पदा, संस्कृति र इतिहासको संरक्षण गर्नु राज्यको दायित्व हो भन्ने कुरा २००७ सालको संविधानमा उल्लेख गरियो र त्यसपछि २०१३ सालमा प्राचीन स्मारक संरक्षण ऐन ल्याई त्यसैलाई कानूनी आधार मान्दै विभिन्न संग्रहालयहरु निर्माणमा राज्यले अग्रसरता लियो । हाल सञ्चालनमा रहेका राष्ट्रिय काष्ठकला सङ्ग्रहालय, राष्ट्रिय मुद्रा संग्रहालय, राष्ट्रिय धातुकला सङ्ग्रहालय, हनुमानढोका संग्रहालय, पाटन सङ्ग्रहालय त्यसैको उपज हुन् भन्न सकिन्छ ।

अहिलेको संविधानले संघीय, प्रदेश र स्थानीय तिनै तहका सरकारलाई संग्रहालय स्थापना र सञ्चालनको अधिकार दिइएको छ । तर संविधानले दिएको अधिकारलाई स्पष्ट पार्ने गरी संग्रहालय सम्बन्धमा संघीय कानून बन्न नसक्दा संग्रहालयको सञ्चालन र व्यवस्थापनको बृहत्तर कानूनी आधार छैन। यद्यपि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले संग्रहालय सञ्चालनको अधिकार स्थानीय सरकारलाई दिएको छ। यही कानुनी आधारलाई टेकेर पछिल्लो समयमा स्थानीय तहमा संग्रहालय खुल्ने क्रम पनि बढेको छ तर संग्रहालयको स्थापना र सञ्चालनका लागि अनिवार्य रूपमा सुनिश्चित गर्नुपर्ने आधारभूत मापदण्ड नहुँदा र संग्रहालयको दर्ता तथा अनुगमन गर्ने विशिष्ट निकाय नहुँदा नयाँ खुलेका संग्रहालय व्यवस्थित बन्न सकेको देखिंदैन ।

संग्रहालय दर्ता र सञ्चालनको क्रम समेत बढेता पनि यसको संख्या समेत कति छ भन्ने बारेको यकिन आँकडा छैन। संग्रहालयहरु जिल्ला प्रशासन कार्यालय, कम्पनी रजिट्रार कार्यालय, स्थानीय सरकारलगायतका विभिन्न निकायमा दर्ता भएका कारण एकै ठाउँमा यिनीहरूको आँकडा पाउन कठिन छ तर पनि सरकारी क्षेत्रसँगै समुदाय, विश्वविद्यालय, धार्मिक संस्थाहरु, निजी क्षेत्र र गैरसरकारी क्षेत्रबाट समेत संग्रहालय सञ्चालन गर्ने क्रम बढेकाले यसप्रति धेरैको चासो बढेको संकेत गर्दछ । राष्ट्रिय समाचार समिति (रासस)ले पनि गतवर्ष मिडिया संग्रहालयको स्थापना गरी नेपाली सञ्चार क्षेत्रमा अध्ययन अनुसन्धानको नयाँ ढोका खोलेको छ । यसैगरी अन्य विषयगत एवं क्षेत्रगत संग्रहालयहरूको पनि स्थापना हुँदै जाँदा सम्बन्धित विषय वा क्षेत्रको मात्र नभई समग्र राष्ट्रकै गहना बढ्न जाने हुन्छ ।

अन्तर्राष्ट्रिय संग्रहालय परिषद् (आइकम) को नेपाल च्याप्टर आइकम नेपालका अनुसार नेपालमा साना ठूला गरी करिब एक हजार संग्रहालय दर्ता भएको अनुमान गरिएको छ भने वार्षिक रूपमा करिब ३० लाख मानिसले संग्रहालय भ्रमण गर्ने गरेको अनुमानित आँकडा छ । संग्रहालय खुल्ने क्रम बढेसँगै करोडौँको लगानी भइरहेको छभने सयौँले रोजगारी पनि पाएका छन् । उदाहरणका लागि, दाङ जिल्लाको दङ्गीशरण गाउँपालिकामा सामुदायिक स्तरबाट सञ्चालित थारु संग्रहालयले १४ जनालाई प्रत्यक्ष रोजगारी दिएको छ ।

**स्पष्ट संवैधानिक व्यवस्था, अस्पष्ट कानून**

नेपालको संविधान २०७२ ले संस्कृति र सम्पदालाई राज्यको नीतिगत प्राथमिकतामा राख्दै धारा ५१ मा संस्कृति, सम्पदा, सभ्यता, भाषा र विविधताको संरक्षण र प्रवर्द्धनमा राज्यको भूमिका स्पष्ट उल्लेख गरेको छ । त्यसैगरी, धारा ३२ ले मौलिक हकको रूपमा प्रत्येक नागरिक र समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति र सम्पदाको संरक्षण र प्रवर्द्धन गर्न पाउने अधिकारको प्रत्याभूति गरेको छ । सरकारी, निजी र सामुदायिक सबै क्षेत्रबाट खुलेका संग्रहालयहरूले संविधानले उल्लेख गरेको संस्कृति, सम्पदासम्बन्धी राज्यको दायित्व र नागरिकको मौलिक हक कार्यान्वयनमा महत्वपूर्ण योगदान गरेको देखिन्छ ।

यी संग्रहालयहरु नेपाली समाज, इतिहास, सभ्यता र संस्कृतिका संरक्षक मात्र नभई शिक्षा र पर्यटनका महत्वपूर्ण

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

| | |
|---|---|
| **मेष** | मिहिनेतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ। भौतिक साधन जुट्नाले दिगो फाइदा हुने काम सुरू हुनेछ। |
| **वृष** | आˆ नै प्रयासले अधिकार स्थापित गर्न सकिनेछ। व्यापारलगायत आर्थिक लाभ हुने काममा फाइदा हुनेछ। |
| **मिथुन** | कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। नोकरी तथा पेसा–व्यवसायमा फाइदा हुनेछ। |
| **कर्कट** | लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। |
| **सिंह** | व्यापारमा फाइदा हुनेछ। पशुपालन र कृषिमा लाभ मिल्नेछ। सन्तानको साथले उत्साह जगाउनेछ। |
| **कन्य** | मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ। सहपाठीहरूलाई उछिन्दै पुरस्कार, प्रशंसा आदि प्राप्त गर्न सकिनेछ। |
| **तुला** | ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउन सक्छन्। पुरानो सम्झौता नवीकरण नगर्दा आˆनो लाभांश गुम्न सक्छ। |
| **वृश्चिक** | अप्ठ्यारो काम थाल्नाले दिनभरि दौडधुप गर्नुपर्ला। कामले खर्च बढाउन सक्छ। परिवारजनबाट टाढिनुपर्ला। |
| **धनु** | पुरूषार्थी कामले समाजमा स्थापित बनाउनेछ। चुनौती पन्छाएर पनि नयाँ काममा जग बसाउने मौका छ। |
| **मकर** | अर्थअभावले सताउने समय छ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरु बढ्नेछन्। |
| **कुम्भ** | फाइदा मात्र हेर्दा आलोचित भइनेछ। मिहिनेतले कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ। |
| **मीन** | सञ्चित रकम अरूलाई सर सापट दिनुपर्ने हुन सक्छ। टाढाका साथीभाइसँग सम्पर्क भने बढ्नेछ। |

# हिउँ नपर्दा मुस्ताङका किसान चिन्तित

रासस/मुस्ताङ

पछिल्लो तीन वर्षयता हिमाली जिल्ला मुस्ताङमा हिमपात हुनसकेन। गत कात्तिक महिनामा यहाँको माथिल्लो मुस्ताङ क्षेत्रसहित वारागुङ मुक्तिक्षेत्र-१ मुक्तिनाथ र (मुस्ताङ-डोल्पा) सडकको साङ्ता गाउँ आसपासका क्षेत्रमा आशिंक मात्रै हिमपात भयो । तत्कालीन समयमा बेमौसममा परेको आशिंक हिमपातले त्यसक्षेत्रका किसानलाई योगदान दिन सकेन ।

हिउँदयामको मौसममा परेको हिउँ किसानका लागि बरदान सावित हुन्छ। अनुकूल समयमा हिउँ पर्‍यो भने अन्नबाली सप्रिने र उत्पादनसमेत वृद्धि हुने भए पनि यसवर्ष पनि पुस महिना कटिसक्दासमेत हिउँ पर्न सकेको छैन । अक्सर हिमाली क्षेत्रमा बर्सेनि पुस र माघ महिना हिउँ पर्छ भन्ने मान्यता रहेको छ । तर, पछिल्लो समय जलवायु परिवर्तनको प्रभावका कारण हिमाली क्षेत्रमा अनुकूल समयमा पनि हिउँ पर्न नसकेको घरपझोङ गाउँपालिकाका कृषि शाखा अधिकृत रोशन थकाली बताउँनुहुन्छ ।

यहाँका अधिकांश खेतीयोग्य जमिन तथा स्याउ बगैंचामा सिँचाइको पहुँच स्थापित भए पनि कृषि उर्वराशक्ति वृद्धिका लागि हिउँदयाममा हिउँ पर्न आवश्यक रहेको कृषि शाखा प्रमुख थकालीको भनाइ छ । हिउँदयामको जाडो मौसमको अनुकूल समयामा हिउँ परेमा खेतीयोग्य जमिनको भित्रि तहसम्म चिस्यान भरिएर पूर्णरूपमा रिचार्ज हुने र यसले स्याउ, उवा, फापर, जौ, मकै लगायतका अन्नबालीको गुणस्तर र उत्पादनमा सहयोग पुग्ने कृषि शाखा प्रमुख थकालीले उल्लेख गर्नुभयो ।

'हिउँदयामको अनुकूल महिनामा हिउँ परेन भने किसानले लगाएको स्याउ लगायतका अन्नबालीमा रोककीराको संक्रमण बढ्ने, जमिनको तापमान वृद्धिले खेतीयोग्य जमिनलाई आवश्यक पर्ने तत्व प्राप्त नहुने हुन्छ, कृषि शाखा प्रमुख थकालीले भन्नुभयो, "हिउँदयामको हिउँ कृषि उत्पादनका लागि प्राकृतिक रोग प्रतिरोधात्मक अर्गानिक विषादीको रूपमा काम गर्छ, यसले किसानका लागि मलको रूपमा कामसमेत काम गर्ने भएकाले स्याउ लगायतका अन्नबाली सप्रिन्छ।"

हिमाली जिल्लामा बर्सेनि भर्दा र असोज महिनामा स्याउ खेतीको 'पोष्ट हार्भेस्ट' गरिने र स्याउको पोस्ट हार्भेस्टसँगै यहाँका किसानले उवा, जौ र फापर लगायतका नयाँ बाली घरमा भित्र्याउँछन् । बगैंचामा स्याउ टिपेर बोटको पात झरेर उजाड बनेपछि र किसानले हिउँदेबाली लगाउने समय पुस र माघ महिनामा अनिवार्य हिउँ पर्नुपर्ने प्राकृतिक नियम भए पनि पछिल्लो तीन वर्ष मुस्ताङमा राम्ररी हिमपात हुन नसकेको घरपझोङका किसान अजित थकालीले बताउँनुभयो ।

स्याउ बगैंचा व्यवस्थापन लगायतका कार्य चलिरहने समयमा परेको हिउँले किसानलाई फाइदा पुर्‍याउने भए पनि मुस्ताङमा हिउँ पर्न नसकेको किसान थकालीको भनाइ छ । पछिल्लो समय हिउँ नपरी नदी र खोलाको पानीबाट सिँचाइ गर्दा खेतीयोग्य जमिनमा लगाइएको अन्नबालीमा रोगकीराको प्रकोप देखिएको र यसले यहाँका किसानलाई निकै चिन्ता थपिएको किसान थकालीको भनाइ छ ।

केही वर्षअघि यहाँको तल्लो मुस्ताङदेखि उपल्लो मुस्ताङसम्म भारी हिमपात हुन्थ्यो । हिमपातले मुस्ताङका डाँडाकाँडा, खर्क,पाटन र उच्चलैंकसहित बस्तीसम्म दुई फिल बढी हिउँ पर्थ्यो । अनुकूल समयमा हिउँ परेपछि यहाँका किसानले लगाएको अन्नबाली राम्ररी सप्रिन्थ्यो । जसका कारण यहाँका किसानले स्याउ लगायतका अन्नबाली उत्पादनबाट राम्रो फाइदा लिने गर्थ्ये। तर, पछिल्लो समय हिउँ नपरी बेमौसमी वर्षा हुन थालेको छ ।

यहाँको थासाङ गाउँपालिका-१ टुकुचेका स्थानीय ८४ वर्षीय ङाचा थकालीले केही वर्षयता पुस र माघमासमेत हिउँ पर्न छोडेको बताउँनुभयो ।'जन्मिएर यतिका वर्ष भइयो, हिउँदमा सधैं हिउँ पर्ने गर्थ्यो, थकालीले भन्नुभयो, "अचेल त के भयो कुन्नी २-३ वर्ष भइसक्यो हिउँ परेको अनुभवनै गर्न पाइएको छैन।" अनुकूल मौसममा हिउँ नपर्दा किसान मात्रै होइन यहाँ पर्यटन प्रवर्द्धनमा समेत असर पुर्‍याएको मुक्तिनाथस्थित होटल ग्राण्ड साम्वलाका प्रोपाइटर सुरज गुरूङले बताउँनुभयो ।

केही वर्षअघि अनुकूल समयमा हिउँ पर्दा मुक्तिनाथमा राष्ट्रिय स्की प्रतियोगितासमेत आयोजना भएको स्मरण गर्दै प्रोपाइटर गुरूङले हिउँदको समयमा हिमपात भएमा हिउँ खेल्न र हेर्न जिल्ला बाहिरका उल्लेख पर्यटक मुस्ताङ आउने उल्लेख गर्नुभयो । पछिल्लो समय जलवायु परिवर्तका कारण हिमाली पर्यावरण फेरिन थालेको छ । हिउँदयामको मौसममा हिउँ नपर्ने र बाहिरी आवरणमा मात्रै चिसो हुने भएकाले खेतीयोग्य जमिनको तापक्रम वृद्धि भइरहेको घरपझोङ गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले बताउँनुभयो ।

अक्सर चैत/वैशाखमा मात्रै पलाउने स्याउको पालुवा यहाँका केही स्याउ बगैंचाका बोटमा पुस महिनामै स्याउ बोटमा पालुवा पलाउन थालेको उहाँको भनाइ छ । हिउँदयाममा हिउँ नपर्ने र जमिनको तापमान वृद्धि हुँदै जाने अवस्थाले मुस्ताङको स्याउ खेतीले विस्तारै उकालो चढ्दै बसाइँ सार्न थालेको अध्यक्ष लालचनको भनाइ छ ।

जलवायु परिवर्तनकै प्रभावका कारण यहाँको परम्परागत संस्कृतिमासमेत असर पुग्न थालेको छ । सदियौं वर्षदेखि निर्माण भएका यहाँका परम्परागत ढुङ्गा र माटोले बनेका पुराना घरका संरचना हिउँ नपरी वर्षा हुन थालेपछि सङ्कटमा पर्न थालेका छन् । हिउँ परेमा घरको छतमा अडिएर थपक्क बस्ने भए पनि हिउँ पर्न छोडेर वर्षा हुन थालेपछि यहाँका परम्परागत घर भत्किने र चुहिने गरेकाले परम्परागत घर मासिँदै जान थालेको घरपझोङ-५ ठिनीका स्थानीय नीरज थकालीले जानकारी दिनुभयो । पछिल्लो समय बेमौसममा वर्षा हुन थालेको र सडक सहज भएकाले परम्परागत घर मासेर कंक्रिट घर निर्माण गर्ने होडबाजी चलेको थकालीले बताउँनुभयो ।

जलवायु प्रभावले हिमाली क्षेत्रको धर्मसंस्कृति, परम्परा र यहाँको जैविक विविधता, पर्यटन र कृषि क्षेत्रमा नकारात्मक प्रभाव परेको उहाँको भनाइ छ ।

## प्रतिनिधिसभा सदस्य .......

कार्यालयमा रू १० हजार धरौटी जम्मा गरेको रसिद वा भौचर पनि पेस गर्नुपर्नेछ । महिला र दलित वा अल्पसंख्यक समुदाय वा आर्थिक रुपले विपन्न उम्मेदवारको हकमा भने धरौटी रकममा ५० प्रतिशत छुट हुने आयोगका प्रवक्ता भट्टराईले जानकारी दिए । विपन्नका हकमा स्थानीय तहले आर्थिक रूपमा विपन्न भनी सिफारिस गरेको पत्र पनि समावेश गर्नुपर्नेछ ।

उम्मेदवारले प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा २१ सँग सम्बन्धित अनुसूची ९ बमोजिमको ढाँचामा आ^नो चल, अचल सम्पत्ति, बैंक तथा वित्तीय संस्थामा रहेको खाता, धितोपत्र, सेयर, ऋणपत्र, कसैलाई ऋण दिएको वा लिएको भए त्यसको समेत सम्पूर्ण विवरण उल्लेख गरी सिलबन्दी गरेको सम्पत्ति विवरण पनि पेस गर्नुपर्ने जनाइएको छ ।

निर्वाचन निर्देशिका, २०८२ को दफा २२ सँग सम्बन्धित अनुसूची १० बमोजिम भरिएको वैयक्तिक विवरण फारम, निर्वाचित, मनोनीत वा नियुक्त भएको निकायबाट कुनै पनि प्रकारको पेस्की लिएको भए फछ्र्यौट भएको ब्यहोराको निस्सासमेत संलग्न गर्नुपर्नेछ ।

लेखापरीक्षणबाट कुनै पनि उम्मेदवारका नाममा किटानीसाथ असुलउपर गर्नुपर्ने भनी कायम भएको बेरूजु भए फछ्र्यौट गरेको निस्सा र निर्वाचन आचारसंहिता, २०८२ को अनुसूची ३ बमोजिमको प्रतिबद्धता पत्र पनि समावेश गर्नुपर्ने आयोगले आजै जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

**यस्तो छ निर्वाचन कार्यक्रम**

मङ्गलबार बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म १६५ वटै निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारले मनोनयनपत्र दर्ता गर्ने कार्यक्रम रहेको छ । बेलुकी ५ बजेदेखि ७ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुनेछ ।

माघ ७ गते बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मनोनयनपत्र दर्ता भएका उम्मेदवारको विरोधमा उजुरी दिने अवधि निर्धारण गरिएको छ भने माघ ७ गते दिउँसो ३ बजेदेखि माघ ८ गते बेलुका ५ बजेसम्म मनोनयनपत्र र उजुरीउपर जाँचबुझ एवं निर्णय गरी त्यसै दिन बेलुकी ५ बजेदेखि ७ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन गरिने आयोगले जनाएको छ ।

यसैगरी माघ ९ गते बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने समय तोकिएको छ । माघ ९ गते दिउँसो १ बजेदेखि ३ बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी त्यसै दिन दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने कार्यक्रम रहेको प्रवक्ता भट्टराईले बताए ।

## अपार सम्भावना र .....

केन्द्रका रूपमा पनि विस्तारित भएका छन् । तर यति महत्वपूर्ण भूमिका निर्वाह गरिहरेका सङ्ग्रहालयको दर्ता, सञ्चालन, अभिलेखीकरण र नियमनका लागि कुनै विशिष्ट कानुन र निकाय नहुनुले यस क्षेत्रमा राज्यको कमजोर अवस्थालाई चित्रण गर्दछ।

नेपालको राष्ट्रिय संस्कृति नीति २०६७ ले संग्रहालयलाई बहुआयामिक ढङ्गले विकास गर्ने लक्ष्य उल्लेख गर्दै विशिष्ट संग्रहालय ऐन निर्माण गर्ने कुरा उल्लेख गरेको छ। तर नीति बनेको १५ वर्ष बितिसक्दा पनि संग्रहालयसम्बन्धीको कानुन बन्न सकेको छैन । यसको अभावमा नेपालको इतिहास, संस्कृति, सम्पदा र राष्ट्रिय गौरव र चिनारी विश्वमा फैलाउने तथा आम्दानीको रूपमा समेत विकास गर्ने अवसर नेपालले गुमाइरहेको छ । युनेस्कोले संग्रहालयलाई सिर्जनशील अर्थतन्त्रको महत्वपूर्ण धरोहर मानेको छ । नेपालले पनि आर्थिक लाभको सम्भावनालाई कानुन, संस्थागत संरचना, अनुगमन, सहजीकरण र तथा मापदण्ड बनाई व्यवस्थापन गरी सिर्जनशील अर्थतन्त्रको बलियो खम्बाका रूपमा विकास गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ ।

**अबको बाटो**

संग्रहालय स्थायी र सार्वजनिक संस्था भएकाले यसका केही विश्वव्यापी मान्यताहरू छन् । ती मान्यतालाई समेत ख्याल गर्दै हाम्रा सबै संग्रहालयको उद्देश्य, प्रकार, जनशक्ति, लगानी, भवन डिजाइन, सुरक्षा, आगन्तुक लगायतका आधारभूत कुराको स्पष्ट भई यी विश्वव्यापी मान्यता सुनिश्चित गर्नु अनिवार्य हुन्छ। तर अहिले स्थापना भएका अधिकांश संग्रहालयले न्यूनतम मान्यता पूरा गरेको देखिँदैन न त त्यसको आधार तोक्ने र परीक्षण गर्ने निकाय नै छ । यही कारण नयाँ संग्रहालयहरू कुनै मापदण्डलाई आधार मानेरभन्दा पनि आफ्नो अनुकूलताअनुसार खुलेका छन् । कतिपयले ग्यालरीलाई पनि संग्रहालय भनिरहेका छन् । जबसम्म संग्रहालयसम्बन्धी कानुनमार्फत संग्रहालय स्थापना, सञ्चालन, सुरक्षा लगायतका आधारभूत पक्षलाई राष्ट्रिय मापदण्डबाट निर्दिष्ट गरिँदैन, तबसम्म संग्रहालयको समस्या र अन्योलता बढेर जानेछ ।

यदि अहिले नै संग्रहालयका लागि संविधान र संस्कृति नीतिले परिकल्पना गरेबमोजिमको कानुन निर्माण गरी त्यसको मापदण्डसमेत बनाउन आवश्यक छ । सोही मापदण्डका आधारमा संग्रहालयको अनुगमन र सहजीकरण समेत गर्नका लागि एक विशिष्ट निकाय आवश्यक पर्छ । त्यस निकायले मापदण्ड अनुपालनको सुनिश्चित गर्न अनुगमन गर्ने, अनुमति दिने र साना तथा स्थानीय संग्रहालयहरूलाई आर्थिक लगानी गर्ने कोषसमेत निर्माण गरेमा संग्रहालयलाई व्यवस्थित गर्न सकिन्छ। यो कार्य जति ढिला हुन्छ, संग्रहालय क्षेत्रमा त्यति नै समस्या थपिँदै जानेछ ।

संग्रहालयलाई अन्योलतातर्फ जानबाट रोक्न र यसको सम्भावनाबाट अधिकतम लाभ लिन नयाँ राष्ट्रिय संग्रहालय नीति, संघीय संग्रहालय ऐन र संस्थागत संरचना आवश्यक छ । यसो गर्न सकेमा सङ्ग्रहालयलाई इतिहास, संस्कृति, सम्पदाको विकास केन्द्रसँगै दिगो विकास र सामाजिक रूपान्तरणको आधार बनाउन सकिनेछ। रासस (लेखक अन्तर्राष्ट्रिय संग्रहालय परिषद् राष्ट्रिय समिति नेपालका कोषाध्यक्ष हुन)


मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

माघ १० गते शनिबार





डा. जयन्ती ज्वारचन
वरिष्ठ छाला, यौन, कुष्ठ तथा सौन्दर्य रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)

सुन्दर छाला, स्वस्थ यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं।

स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख समस्या र लक्षणहरू:
१. छाला सम्बन्धी रोगहरू:
अनुहार, हात, शरीरमा रास, डाबर वा रातो-गुलियो देखिनु, चिलाउने, सुन्निने, फोकाहरू आउने, खोपडीमा बोसो, ड्यान्ड्रफ वा रौं झर्ने समस्या, सोरायसिस (Psoriasis), एक्जिमा (Eczema), एलर्जी
२. यौनरोग सम्बन्धी समस्याहरू (Male/Female):
यौनाङ्गमा घाउ, दुखाइ वा फोका आउने, यौन रोगजन्य संक्रमण (STI/STD), जलन, गन्ध, शीघ्रपतन, नपुंसकता, यौन दुर्बलता, यौन जीवनमा आत्मविश्वासको कमी
३. कुष्ठ (Leprosy) रोग:
छालामा संवेदनाहीन रङ फेरेको दाग, हातखुट्टा टर्रिने, कमजोरी वा सुन्निने, कुष्ठ रोगका प्रारम्भिक लक्षणहरू, लामो समयको छाला समस्या जसले निको हुँदैन
४. सौन्दर्य चिकित्सा (Aesthetic Dermatology):
छालाको रङ, दाग, डार्क स्पट हटाउने उपचार, फेसियल थेरापी, स्किन पीलिङ, स्कार ट्रीटमेन्ट, मुहार चम्काउने र त्वचा टाइट गर्ने उपायहरू, हेयर ट्रीटमेन्ट तथा लेजर सेवा, कपाल झर्ने समस्यामा Inj PRP दिनुको साथै कपाल झरेर पुरै टाउको खाली भएको र ठाउँ ठाउँमा खाली भएकोमा कपाल रोप्ने (Trasplant) पनि गरिन्छ ।

प्रत्येक महिनाको शनिबार : पहिला पश्चिमान्चल (गण्डकी) अस्पताल र हाल दिर्घायु अस्पताल पोखरामा कार्यरत हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा. मेघराज लामिछानेद्वारा स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसँग सम्बन्धी बिरामीहरू जस्तैः- जोर्नी दुख्ने ,जोर्नीमा सुजन वा रातोपन देखिनु, हिड्दा वा चल्दा जोर्नीमा क्र्याक-क्र्याक आवाज आउनु, हड्डी भाँचिनु वा चिर्नु, काध, घुँडा, कुहिनो, मुठो आदि चलाउँदा दुख्नु वा चिप्लिनु, कमर दुख्ने वा तन्काउँदा दुखाइ बढ्नु, सुत्दा या उठ्दा पीडा बढ्नु ।

हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।





जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९





**सोनाम ल्होछार :** तनहुँको व्यास नगरपालिका-११ कोकलडाँडास्थित श्री रजक छोलिङ्ग गुम्बामा सोनाम ल्होछार पर्वका अवसरमा आयोजित कार्यक्रममा जातीय पहिचान झल्कने भेषभूषामा सजिएर साँस्कृतिक नृत्य प्रस्तुत गर्दै युवतीहरू । तामाङ समुदायले नयाँ वर्षको रूपमा मनाइने मञ्जुश्री संवत् २८६२औं "ता ल्हो" (घोडा वर्ग)लाई स्वागत गर्दै यस वर्षको सोनाम ल्होछार मनाएको छ । *तस्विर : भञ्ज्याङ*

# दलहरूका घोषणापत्रमा पूर्वाधार : 'सपना बाँड्ने, कार्यान्वयन चरणमै नपुग्ने'

**भञ्ज्याङ समाचारदाता**/काठमाडौं

नेपालका राजनीतिक दलहरु चुनावी मैदानमा उत्रिँदै गर्दा आफ्ना महत्त्वाकांक्षी घोषणापत्र सार्वजनिक गर्ने तयारीमा छन् । नेपाली कांग्रेस, नेकपा एमाले र नेपाल कम्युनिस्ट पार्टी लगायत दलहरूका लागि पूर्वाधार सधैं चुनावी नाराको केन्द्रबिन्दुमा रहँदै आएको छ । विगतका निर्वाचनहरूमा दलहरूका घोषणापत्रमा 'पूर्व-पश्चिम रेल, 'मेट्रो/मोनो रेल', 'पानीजहाज', 'द्रुत, सुरुङमार्ग' जस्ता सपना बाँडिएका पूर्वाधार आयोजनाहरूको बाहुल्यता रहँदै आएको छ । यद्यपि, तीमध्ये अधिकांश आयोजनाहरु कार्यान्वयनको चरणमा पुग्न सकेका छैनन् ।

दलहरूले हचुवाको भरमा प्रायः कार्यान्वयन हुन नसक्ने ठुला पूर्वाधार आयोजनालाई चुनावी घोषणापत्रको प्रमुख हिस्सा बनाउँदै आएका छन् । यस्तो पृष्ठभूमिमा अबको चुनावी घोषणापत्र कस्तो हुनुपर्छ? देशको अर्थतन्त्रलाई चलायमान बनाउन, रोजगारी सिर्जना गर्न र दीर्घकालीन विकासको लक्ष्य हासिल गर्न राजनीतिक दलहरूले कस्ता पूर्वाधार आयोजनाहरु प्राथमिकतामा राख्नुपर्छ ?

यसै सन्दर्भमा विज्ञहरूले देशको अर्थतन्त्रलाई चलायमान बनाउन, रोजगारी सिर्जना गर्न र दिगो विकासको लक्ष्य प्राप्त गर्न अबको प्राथमिकता 'हचुवाको भरमा' होइन, बरू प्रतिफल सुनिश्चित गर्ने, एकीकृत र कार्यान्वयनयोग्य आयोजनाहरूमा केन्द्रित हुनुपर्ने सुझाव दिएका छन्।

यस्तै अबको चुनावी घोषणापत्रले 'रेल' र 'पानीजहाज' जस्ता नारामा भन्दा पनि आधारभूत पूर्वाधार (विद्युत, खानेपानी, सिँचाइ, कृषि) मा ठुलो लगानी, उत्पादनसँग जोडिएको एकीकृत यातायात सञ्जाल, सडक सुरक्षा र डिजिटल पूर्वाधारलाई प्राथमिकता दिनुपर्ने विज्ञको सुझाव छ । साथै, हचुवाको भरमा नभई, प्रतिफल दिने, कार्यान्वयनयोग्य र दीर्घकालीन राष्ट्रिय योजनामा आधारित परियोजनाहरूलाई इमान्दारिताका साथ अगाडि बढाउने प्रतिबद्धता नै राजनीतिक दलहरूको मुख्य एजेन्डा हुनुपर्नेमा विज्ञहरूले जोड दिएका छन् ।

**अर्थतन्त्र चलायमान हुने आयोजना आवश्यक**

पूर्वाधार विज्ञ तथा पूर्व सचिव अर्जुनजंग थापाले विगतमा एउटा क्षेत्रलाई मात्र समेटेर पूर्वाधारका योजनाहरु ल्याउने गरिएकोमा अबको घोषणापत्र एकीकृत प्रकृतिको हुनुपर्ने बताए । 'हचुवाको भरमा, हावा तालमा एउटा क्षेत्रलाई मात्र समेटेर भन्दा पनि एकीकृत रूपमा, एकदम इन्टिग्रेटेड टाइपको चाहिँ यो डेभलपमेन्ट सँगसँगै इन्फ्रास्ट्रक्चर निर्माण गर्नुपर्छ जस्तो लाग्छ,' उनले भने ।

थापाले रेल तथा पानीजहाजको उदाहरण दिँदै एउटा पूर्वाधार मात्र बनाएर नहुने, त्यसले बोक्नुपर्ने वस्तु र उत्पादनसँग जोड्नुपर्ने आवश्यकता औँल्याए । 'पूर्वपश्चिम रेल बनाउछौँ भनेको छ, रेल मात्र भएर के गर्ने ? अब रेलले बोक्नुपर्ने चीज के छ ?' उनले कृषिको विशिष्ट उत्पादन (जस्तै- स्याउ वा सुन्तला) देखि लिएर सिँचाइ, विद्युत् र सडकलाई एकसाथ जोडेर एक क्षेत्रको उत्पादनलाई अर्को क्षेत्रमा साट्न वा विदेश निर्यात गर्न सकिने गरी एकीकृत संरचनाको प्रस्ताव घोषणापत्रमा समावेश गर्नुपर्ने सुझाव दिए ।

यस्तै पूर्वाधार विज्ञ आशिष गजुरेलको भनाइ पनि यसमा सहमत छ । गजुरेलका अनुसार नेताको चुनावी एजेन्डा बनेर नचाहिने प्रोजेक्टमा लगानी गर्नु हुँदैन। 'जुन प्रतिफल दिँदैन, जसले आर्थिक चलायमान बनाउँदैन, त्यस्तोमा चाहिँ ऊ गर्नु हुँदैन लगानी,' गजुरेलले भने। उनले राज्यले कमाउनका लागि कृषि, उद्योग, पर्यटन र जलविद्युत जस्ता अर्थतन्त्रलाई चलायमान बनाउने क्षेत्रसँग जोडेर पूर्वाधारमा लगानी गर्नुपर्नेमा जोड दिए।

**ऊर्जामा ठुलो लगानीको खाँचो**

विज्ञहरूले आधारभूत आवश्यकता ठुलो लगानी आवश्यक भएको बताएका छन् । त्यसमध्ये राष्ट्रिय स्तरको पूर्वाधारमध्ये ऊर्जा, खानेपानी र सरसफाइलाई प्राथमिकतामा राख्नुपर्ने बताएका छन् । पूर्वाधार विज्ञ किशोर थापाले जलविद्युत उत्पादनको वर्तमान अवस्था र मागबीचको ठुलो अन्तरलाई औँल्याए। 'हामी भन्नलाई अब ३८ सय मेगावाट भन्छौँ । त्यो सुक्खा याममा घटेर १२ सय मेगावाट हो । हाम्रो माग नै अहिले चाहिँ करिब २ हजार मेगावाटभन्दा बढी छ । अब त्यो विद्युतमा ठुलो लगानी गर्नुपर्ने छ ।' उनले विद्युत उत्पादन बढाएर आन्तरिक माग पूरा गर्नुका साथै निर्यातको सम्भावनालाई पनि प्राथमिकता दिनुपर्ने बताए ।

त्यस्तै, थापाले सहरीकरण तीव्र भएपनि स्वच्छ खानेपानी र सरसफाइ पूर्वाधारमा लगानीको कमी भएको भन्दै यसलाई मौलिक हकको प्रत्याभूति गराउने गरी घोषणापत्रमा समावेश गर्नुपर्ने बताए । गजुरेलले पनि आन्तरिक उपभोग र बाह्य देशलाई बेच्न सकिने जलविद्युत आयोजनाहरूलाई प्रतिफल दिने परियोजनाको रूपमा प्राथमिकतामा राख्नुपर्ने सुझाव दिएका छन् ।

**राष्ट्रिय राजमार्गको गुणस्तर र वैकल्पिक सडक**

पूर्वाधार विज्ञहरूले अब सडकको 'क्वान्टिटी' (परिमाण) लाई छाडेर 'क्वालिटी' (गुणस्तर), सुरक्षा र व्यवस्थित सञ्जालमा ध्यान दिनुपर्ने बताएका छन्। स्तरीय र वैकल्पिक सडकको आवश्यकता रहेको विज्ञ थापा बनाउँछन्। किशोर थापाका अनुसार नेपाललाई वास्तवमा ४ वा ६ लेनको होइन, बरू १२ महिना निर्वाध रूपमा चल्न सक्ने दुई लेनका स्तरीय सडकहरु भए पुग्छ। 'हामीलाई वास्तवमा दुई लेनको सडक भए नि पुग्छ । तर के गर्नुपर्‍यो भने दुई लेनको सडक भएपनि स्तरीय सडक हुनुपर्‍यो,' थापाले भने । साथै ट्राफिक जाम हुने ठाउँमा फ्लाइओभर, ठाउँठाउँमा पार्किङ र गाडी बिग्रिएमा मर्मतका लागि सर्भिस लेन बनाउनुपर्नेमा जोड दिए । थापाले एउटै सडक (जस्तै- मलेखुमा पृथ्वी राजमार्ग) मा भर पर्नुपर्ने अवस्था अन्त्य गर्न राष्ट्रिय राजमार्गहरूको वैकल्पिक सडक सञ्जाल बनाउनुपर्ने आवश्यकता औँल्याए ।

विज्ञ गजुरेलले पनि सडकहरूलाई बस्ती र मानिसहरूको हिँडडुल अनुसार सहरी पूर्वाधारका रूपमा परिभाषित गर्दै फुटपाथ, साइकल लेन र सार्वजनिक यातायात व्यवस्थापनलाई केन्द्रमा राखेर सुधार गर्नुपर्ने बताए। उनले कर्णाली राजमार्ग जस्ता सडकको क्रमबद्ध सुधार गर्नुपर्ने र 'रोड क्र्यास ब्यारियर'लाई प्राथमिकतामा राखेर सडक दुर्घटनाबाट हुने मानवीय क्षतिलाई कम गर्ने उपाय घोषणापत्रमा समेट्नुपर्ने बताए । अर्का विज्ञ अर्जुनजंग थापाले छोटो दूरीको कनेक्सन काठमाडौँ-तराई फास्ट ट्र्याक जस्तै अन्य क्षेत्रमा पनि कम समयमा यात्रा गर्न सकिने गरी पोखरा-बुटवल वा सुर्खेत-नेपालगन्ज जस्ता ठाउँमा छोटो दूरीको फास्ट कनेक्सन निर्माण गर्ने योजना ल्याउनुपर्ने बताए ।

**पहाडी क्षेत्रमा केबलकार**

किशोर थापाले पहाडी क्षेत्रमा सडक निर्माण महँगो र जोखिमयुक्त हुने भएकाले कृषि उत्पादनलाई बजारसम्म जोड्न केबलकारमा लगानी गर्न सकिने बताए । यो यातायात प्रणालीले बिजुलीको खपत पनि बढाउने, वातावरणमैत्री हुने र बाढीपहिरोको जोखिमबाट जोगिने उहाँको भनाइ छ । साथै, थापाले वर्तमान इन्टरनेटको गुणस्तर 'कमजोर' रहेको भन्दै घोषणापत्रमा फाइभ-जी र ब्रोडब्यान्डमा ठुलो लगानी गर्ने र जनतामा डिजिटल साक्षरता बढाउने कार्यक्रम ल्याउनुपर्ने आवश्यकता औँल्याए ।

**दक्षिण कोरियाली मोडेल आवश्यक**

विज्ञहरूले घोषणापत्रमा समावेश भएका परियोजनाहरु कार्यान्वयनयोग्य हुनुपर्नेमा जोड दिए । विज्ञ थापाले राजनीतिक दलहरूको इमानदारिता र योजनामा अडिग रहने प्रतिबद्धतासँगै आगामी पूर्वाधारका आयोजनाहरू घोषणापत्रमा राख्न आग्रह गरे । 'दक्षिण कोरियामा सन् १९६० बाटै पञ्चवर्षीय योजना लागु गरेका छन् । त्यहाँ दल परिवर्तन भएर, सरकार परिवर्तन भएर त्यो योजनाको कार्यान्वयनमा केही परिवर्तन आएको छैन,' उनले भने, 'नेपालका राजनीतिक दलहरूले घोषणापत्रमा जनतासमक्ष कबुल गरेका कार्यान्वयनयोग्य कार्यक्रमलाई कमा र फुलस्टप पनि फरक नपारीकन हुबहु लागु गरे मात्र देशले विकासमा लक्ष्य हासिल गर्न सक्छ ।'

पूर्वाधार विज्ञ आशिष गजुरेलले पनि राजनीतिक दलहरूले आफ्ना घोषणापत्रका योजनालाई राष्ट्रिय योजना आयोगले बनाएको पञ्चवर्षीय योजना को आधारमा र स्रोत तथा विश्लेषण गरेर मात्र लगानी गर्नुपर्नेमा जोड दिए । रातोपाटीबाट

facebook twitter



**Vijay Kumar Panday**
x.com/Vijaykumarko

बालेनले त्यो पद लिने अठोट गरेका छन्- नेपाली राजनीतिका महारथी केपी ओलीलाई खिलाफ उभिएर। रवि लामिछानेको नेतृत्वको घण्टी चिह्नको सहारामा। केपी ओलीजीका जेन-जी आन्दोलन र त्यस पछीको आगजनी अराजगता बारे आफ्नै धारणा छन् । एक हिसाबले भन्ने हो भने झापाको यो चुनाव त्यस विषयमा मिनी जनमतसंग्रह पनि हुनेछ ।
झापा-५ को चुनाव गज्जब हुनेछ । जो जिते पनि प्रधानमन्त्रीको दाबेदार हुनेछ ।



**Bipin Adhikari**
x.com/BipinLAW

निर्वाचन कानुनमा अविलम्ब संशोधनको आवश्यकता छ। निर्वाचन गराउन राज्यले समय, श्रम र साधनको धेरै खर्च गर्नुपर्छ। त्यस्तै निर्वाचित प्रतिनिधिहरूले आफ्नो कार्यावधि पूरा नगरी आफ्नो पदलाई अझ माथि उक्लिने खुड्किलो बनाएर निर्वाचनका बेला मतदातालाई दिएको आश्वासन, भरोसा र प्रतिबद्धतालाई ठट्टा बनाउँदा प्रजातन्त्र प्रभावित हुन्छ। मतदातालाई अलपत्र पारेर राजनीति गर्न कसैलाई दिनु हुँदैन ।



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

नेपालको राजनीति मूलतः सत्ता प्राप्तिमै केन्द्रित रहँदै आएको छ। सत्तामा पुगेपछि आफ्ना प्रतिबद्धता पूरा गर्दै जनअपेक्षित नतिजा कसरी दिने भन्नेमा खासै चासो देखिँदैन। झन अहिले त राज्य संयत्र ध्वस्त भएको छ। विकासका लागि बग्रेति कानुनि तगारा छन्। चुनाव जित्न कठिन, जितेपछि डेलिभरी झन कठिन।

# बसको ठक्करबाट पैदलयात्री घाइते

**भञ्ज्याङ समाचारदाता**/दमौली

पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको म्याग्दे गाउँपालिका-६ छविसेमा सवारी दुर्घटना हुँदा एक जना पैदलयात्री गम्भीर घाइते भएका छन्। सोमबार साँझ करिब ६:३० बजे दमौलीबाट पोखरातर्फ जाँदै गरेको बाग्मती प्रदेश ०१-००६ ख ६८१४ नम्बरको बसले बाटोमा हिँडिरहेका करिब २५/३० वर्ष उमेरका फरक क्षमता भएका पुरूषलाई ठक्कर दिएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ ।

घाइतेको नाम, थर र वतन खुल्न नसकेको तथा उनी विगत २-३ दिनदेखि म्याग्दे-६ स्थित अकला मन्दिर परिसरमा देखिँदै आएको प्रहरीले जनाएको छ । दुर्घटनामा घाइतेको कम्मरको भागमा गम्भीर चोट लागेको र अवस्था चिन्ताजनक रहेकाले थप उपचारका लागि गण्डकी अस्पताल पोखरा पठाइएको छ ।

दुर्घटनामा संलग्न बस र चितवन जिल्लाको इच्छाकामना गाउँपालिका-६ कालीखोला बस्ने ३८ वर्षीय बस चालक मनबहादुर गुरूङलाई इलाका प्रहरी कार्यालय बेलचौतारा, तनहुँले नियन्त्रणमा लिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

सार्वजनिक सेवा लिंदा ध्यान दिऔं

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पुरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारविरूद्ध उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
**कार्यालय :** ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४